मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(सामान्य प्रशासन शाखा)

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

प.सं.:-०७९/०८०

फोन नं. -०४८-५४०११२

च.नं.:- १६५६

मितिः २०७९/१०/०४

श्री वडा कार्यायल सबै,
मन्थली नगरपालिका, रामेछाप।

**विषय : सार्वजनिक सुनुवाई तथा एकीकृत घुम्ति शिविर कार्यक्रम सञ्चालन।**

प्रस्तुत विषयमा यस नगरपालिकाको चालु आ.ब. २०७९/०८० को पुस मसान्त सम्मको अवधिमा नगरपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरुबाट सम्पादन भएका समग्र विकास निर्माण, नीति तथा कार्यक्रम र सेवा प्रवाहका सम्बन्धमा नागरिकका उजुरी, गुनासो तथा पिर मर्काको सम्बोधन, सवाल-जवाफ तथा सार्वजनिक निकाय, सरोकारवाला र नागरिकको दोहोरो सम्बन्धमा रचनात्मक सुधार गर्न एवं नगरपालिकाबाट प्रवाह हुने निम्न सेवाहरुमा नगरवासीको पहुँच अभिवृद्धि गरी सर्वसुलभ रुपमा जनताको नजिकबाट सेवा प्रदान गर्ने उद्देश्यले देहायका मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई र एकीकृत घुम्ति शिविर कार्यक्रमको आयोजना गरिएकोले सरोकारवाला सम्पूर्णमा समयमै उपस्थितिको लागि यो सूचना सम्प्रेषण गर्नु हुन अनुरोध छ।

**मिती: २०७९/१०/१० गते मंगलवार**

**समय : १० बजे**

**स्थान : मन्थली नगरपालिका वडा नं. ४, सालुबजार।**

**घुम्ति शिविरमा उपलब्ध गराईने सेवाहरुः**

क. विरामीहरुको निशुल्क स्वास्थ्य परीक्षण, रगत, पिसाव जाँच लगायतको प्रयोगशाला सेवा, उपचार तथा परामर्श सेवा।

ख. माटो परीक्षण, वाली उपचार एवं प्राविधिक सेवाटेवा,

ग. घरपालुवा कुकुर विरालोलाई निशुल्क रेविज खोप, स्थलगत परजिवी नियन्त्रण सेवा, पशु वन्ध्याकरण, कृत्रिम गर्भाधान, प्राविधिक परामर्श सेवा,

घ. जेष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता परिचयपत्र वितरण, व्यक्तिगत घटनादर्ता, सामाजिक सुरक्षा भत्तामा आवद्ध हुन छुटेका लाभग्राहीहरुको नाम दर्ता सम्वन्धी सेवा,

ङ. व्यवसाय/फर्म, कृषि तथा पशुपालन समुह दर्ता एवं नविकरण,

च. सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना, परामर्श तथा मनोपरामर्श सेवा,

छ. नगरपालिकावाट प्रवाह हुने अन्य आधारभूत सेवा तथा परामर्श।

...............

(हरिप्रसाद चापागाई)
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत